# स्थानीय राजपत्र

सबैला नगरपालिकाद्वारा प्रकाशित

## सूचना प्रविधि अधिकृत (ITOfficer) को छनौट परीक्षाको कार्यविधि,२०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०८/२२

१.पदपूर्ति प्रयोजनका लागि तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान (पन्ध्रगरी १५ दिनको सार्वजनिक सूचनाप्रकाशन गर्ने ।

२.प्रकाशित सूचना अनुसार इच्छुक उम्मेदवारले रितपूर्वकको व्यक्तिगत बिवरण, नागरिकता, शैक्षिक योग्यता, अनुभवका प्रमाण-पत्रहरु राखी तोकिएको मिति भित्र कार्यालयमा आइपुग्ने गरी हुलाक, इमेल, फ्याक्सको माध्यमबाट वा स्वयम् उपस्थितभई आवेदनदिने व्यवस्था गर्ने ।

३.उम्मेदवार छनौट तथा नियुक्तिका लागि सिफारिस गर्न देहायबमोजिमको छनौट तथासिफारिस समिति गठन गर्ने ।

क)प्रमुख प्रशासकीय अधिकृत/निजले तोकेको अधिकृत - संयोजक

ख) नगर प्रमुखले तोकेको कर्मचारी - सदस्य

ग) समितिले तोकेको विज्ञ - सदस्य

४.सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवाआयोगले लिने "कम्प्यूटर अधिकृत" पदको न्यू योग्यता वामान्यताप्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications technologies वा सो सरहको बिषयहरु मध्ये कुनै एक बिषयलिई (स्नातक BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc.IT, Bsc.CSIT, BE. Electronics and Communication Engineering र BTech. Electronics and Communication Engineering उतीर्ण गरेको हुनुपर्ने ।

५.सूचना प्रविधि अधिकृतको कार्यशर्त(TOR को बिवरण तोकिए बमोजिम हुनेछ ।

६. छनौट तथासिफारिस समितिले प्रकाशन गरेको योग्यताक्रम(Rosterसूची को आधारमाकार्यालयले सूचनाप्रविधिअधिकृतको सेवा करार गरी काममालगाउने व्यवस्थामिलाउने ।

७. छनौट तथासिफारि समितिले छोटो सूची(Short List) तयार गर्दा उम्मेदवारले पेश गरेको आवेदनसँग संलग्नकागजातहरुको जाँच गरी देहायमा उल्लेखित मापदण्डको आधारमा १०० पूर्णाङ्क कायम गरी कम्तीमा५० अंकप्राप्त गर्ने आवेदकलाई मात्र छोटासूची(ShortList ) मा समावेश गर्ने ।

| क्र.सं. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता(सूचनाअनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा) | ३० |
| १.१ | अंकअंकित स्तर निर्धारण पद्दति भएकाविश्वविद्यालयको हकमा | |
| १.१.१ | ८०% वा सो भन्दा माथी प्राप्ताङ्कभएको वा सम्बन्धित बिषयमा तोकिए भन्दा माथिल्लो उपाधिभएको | ३० |
| १.१.२ | ६५% देखि ७९.९९% सम्म प्राप्ताङ्कभएको | २४ |
| १.१.३ | ५५% देखि ६४.९९% सम्म प्राप्ताङ्कभएको | १८ |
| १.१.४ | ५५% भन्दाकमप्राप्ताङ्कभएको | १२ |
| १.२ | अक्षर अंकित स्तर निर्धारण पद्दति(Letter Grading System) भएकाविश्वविद्यालयको हकमा | |
| १.२.१ | Cumulative grading Point Average(३.५ देखि ४ सम्म) वा सम्बन्धितबिषयमातोकिएभन्दामाथिल्लो शैक्षिकउपाधिभएको । | ३० |

| | | |
|---|---|---|
| १.२.२ | Cumulative grading Point Average (३ देखि ३.५ भन्दाकम) | २४ |
| १.२.३ | Cumulative grading Point Average (२.५ देखि ३ भन्दाकम ) | १८ |
| १.२.४ | अन्य | १२ |
| २ | कार्य अनुभव(सूचनाअनुसारको न्यूनतमशैक्षिक योग्यताहासिल गरे पश्चात) | ४० |
| २.१ | २ बर्ष भन्दामाथि सरकारी निकायमा IT क्षेत्रमाकार्य अनुभवभएको | ४० |
| २.२ | १ बर्षभन्दामाथि सरकारी निकायमा IT क्षेत्रमाकार्य अनुभवभएको | ३० |
| २.३ | १ बर्ष सम्म सरकारी निकायमा IT क्षेत्रमाकार्य अनुभवभएको | २० |
| २.४ | कार्य अनुभवनभएको | १२ |
| ३ | **उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी** | २० |
| ३.१ | स्थायी ठेगानासबैलानगरपालिकाभएमा | २० |
| ३.२ | स्थायी ठेगानाधनुषाजिल्लामाभएमा | १९ |
| ३.३ | स्थायी ठेगानामधेशप्रदेशमाभएमा | १७ |
| ३.४ | अन्य | १६ |
| ४ | २ बर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको गरेको भएमा | १० |

८. छनौट तथासिफारिस समितिले उम्मेदवारको सिफारिस गर्दा मुख्यउम्मेदवार र सम्भव भएसम्म २ जना वैकल्पिकउम्मेदवारको सिफारिस गर्ने ।

९. छनौटर सिफारिस प्रक्रियाकालागिआवश्यकप्रशासनिकखर्चको व्यवस्थापनकार्यालयबाट गर्ने ।

१०. छनौट तथासिफारिस समितिको अन्यकार्यविधि समितिआफैले निर्धारण गरेबमोजिमहुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत